annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २८० पृष्ठ ८ | काठमाडौं, बिहीबार १ फागुन २०८१ | फाल्गुन कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४५ | THURSDAY, FEBRUARY 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## सार्वजनिक सम्पत्तिको दोहन

# जलवायु परिवर्तनसँग जुध्न समुदायको एकल संघर्ष

वन, जलस्रोत र चरीचरन, जलवायु सहनशीलता अभिवृद्धि गर्ने महत्वपूर्ण सार्वजनिक सम्पत्ति हुन् । तर, यिनको अधिक दोहन छ । जलवायु परिवर्तनको दबाब छ । त्यसको प्रत्यक्ष मारमा छन्- असुरक्षित समुदाय र महिलाहरू । त्यसैले, जलवायु सहनशील नीतिहरू अविलम्ब कार्यान्वयन गर्नु आवश्यक छ । त्यसो भयो भने मात्रै समुदायलाई जलवायु संकट सामना गर्न र न्यूनीकरण गर्न मद्दत पुग्नेछ ।

सिरहाको लहान नगरपालिका–२४ स्थित झुट्की गाउँका सदाय समुदायका महिलाहरू पिउने पानी ओसार्दै । ● प्रतीक घिमिरे

प्रतीक घिमिरे | *काठमाडौं*

– को स्थलगत रिपोर्ट

समाचार पृष्ठ २

## संवैधानिक निकायमा गरिएको नियुक्ति ‘हेर्दाहेर्दै’मा



**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले संवैधानिक निकायमा गरिएको नियुक्ति बदरको माग गर्दै दायर रिट निवेदनमाथिको सुनुवाइ हेर्दाहेर्दैमा राखेको छ।

अधिवक्ता ओमप्रकाश अर्यालले दायर गरेको रिट निवेदन माथि बुधबार बहस सुरु भयो। तर, बहस नसकिएपछि हेर्दाहेर्दैमा राखिएको हो। अग्राधिकार प्राप्त यस मुद्दाको अर्को पेसीको फागुन २१ गते तोकिएको छ । निवेदक अर्यालका अनुसार, इजलासमा अर्को पेसी सम्बन्धमा जिज्ञासा राख्दा सल्लाह गरेर मिति तय गर्ने जानकारी गराइएको थियो।

अधिवक्ता अर्यालले रिट निवेदन २०७७ पुस १ गते दायर गरेका थिए। २०८० सालमा अग्राधिकार दिइएको यस मुद्दा पटकपटक हेर्न नभ्याइने सूचीमा पर्दै आएको थियो। रिट दर्ता भएको चार वर्षपछि प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, कुमार चुडाल र नहकुल सुवेदीको संवैधानिक इजलासमा पेसी परेको थियो। बुधबार रिट निवेदक अर्याल र वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले बहस गरेका थिए।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले अध्यादेशमार्फत संवैधानिक परिषद्सम्बन्धी ऐन संशोधन गरेर संवैधानिक निकायहरूमा पदाधिकारी नियुक्ति गरेको थियो। त्यसबेला अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोगलगायतका संवैधानिक निकायमा ५२ जना पदाधिकारीहरू नियुक्त गरिएको थियो। रिट निवेदनमा संवैधानिक नैतिकताको उल्लंघन र संविधानमाथि जालसाजी गरेर सो नियुक्ति गरिएको दाबी गर्दै नियुक्ति बदरको माग गरिएको छ। रिट निवेदनमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री कार्यालय, मन्त्रिपरिषद्, संवैधानिक परिषद, संवैधानिक सचिवालयलगायतलाई विपक्षी बनाइएको छ।

ट्रम्पको आप्रवासी नीति र सिक्नुपर्ने पाठ

» पृष्ठ ४

# ‘मास्टरसाहेब’ सभामुख

**मनिका झा** | *जनकपुरधाम*

राजर्षि जनक विश्वविद्यालयमा कानुनशास्त्र संकायको पढाइको तरखर हुँदै थियो। सधैंझै कक्षामा शिक्षक उपस्थिति भए। तर उनले आज (बुधबार) आफूले नपढाउने बताए। र, भने ‘आज अतिथि व्याख्याता’ आउँदै हुनुहुन्छ। उहाँले ‘संघीय शासन प्रणाली, यसका अभ्यास, समावेशिताको सकारात्मक प्रभाव’ का विषयहरूमा अध्यापन गराउनु हुनेछ।’ लगत्तै कोठामा अतिथि पुगे। उनले कक्षामा कसरी घुलमिल हुने विषयमा विद्यार्थीलाई जानकारी गराए। अनि, साना देश र ठूला देशमा संघीयता कार्यान्वयनका प्रयासबारे अध्यापन गराए। विद्यार्थीले रोचक पाराले सुने। ४५ मिनेटको कक्षा लम्बिएर साढे एक घण्टा पुग्यो।

कक्षाकोठामा ‘अतिथि व्याख्याता’का रूपमा उपस्थित थिए- मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डल। तर, सुरुमा प्रदेश सभामुख मण्डलले ‘कक्षा लिने’ कुरा विद्यार्थीलाई जानकारी गराइएको थिएन। कक्षा सञ्चालनको बीचतिर मात्रै मण्डलले आफ्नो परिचय खुलाए।

सभामुख मण्डलका लागि कक्षाकोठाको अनुभव भने नौलो थिएन। शिक्षण पेसा छाडेको २३ वर्षपछि जनकपुरधामस्थित राजर्षि जनक विश्वविद्यालयमा



**राजर्षि जनक विश्वविद्यालयमा कक्षा लिइरहेका सभामुख रामचन्द्र मण्डल ।** ● गोविन्द महतो

पढाउन जाँदा सभामुख मण्डलले नेताको भन्दा शिक्षकको अनुशासन र अध्यापन पद्धतिको पूर्ण प्रयोग गरेर आफ्ना कुराहरू राखे।

विद्यार्थी र सभामुख ‘मास्टरसाहेब’ बीचको कुराकानी यतिधेरै रोचक र गहन भयो कि, ४५ मिनेटको कक्षा लम्बिएर १ घण्टा ३० मिनेट चल्यो। समय बितेको कसैलाई पत्तो नै भएन। ‘केहीबेर त सरले कक्षाकोठामा घुलमिल हुने खालका कुराहरू गर्नुभयो। त्यसपछि संघीयता कार्यान्वयनका प्रयास, साना देश र ठूला देशमा संघीयताका के कस्ता प्रयासहरू भएका छन्, लोकतन्त्रको अवधारणा र प्रदेशसभाको बारेमा अलिअलि कुराहरू गर्नुभयो,’ विद्यार्थी श्याम साहले भने, ‘उहाँको अध्यापन शैली निकै सहज र बुझिने खालको थियो। व्यक्तिगत रूपमा उहाँलाई नचिन्नेले त कुनै विद्यालयको शिक्षक नै हुनुहुन्छ भनेर बुझ्छन् ।’

विद्यार्थीलाई पढाउन पाउँदा आफूलाई आत्मसन्तुष्टि मिलेको बताए- सभामुख मण्डलले। ‘मलाई सबैभन्दा बढी मनपर्ने काममा लागियो भनेर निकै आत्मसन्तुष्टि भयो,’ सभामुख मण्डलले भने, ‘प्रदेशसभा आफैंमा कानुनको विश्वविद्यालय हो। जहाँ कानुन निर्माण हुन्छन् । अर्कोतर्फ विश्वविद्यालय छ, जहाँ विद्यार्थीले कानुन पढिरहेका छन् । यस्तो अवस्थामा यी दुवैलाई कसरी एकअर्कासँग साक्षात्कार गराउने भन्ने सोचका साथ मैले आफ्ना जानेका कुरा र अनुभवहरूलाई नयाँ पुस्तासँग साझेदारी गर्ने निर्णय गरें। त्यसैकारण कक्षाकोठा पुगें।’ यस्तो कामलाई आगामी दिनमा पनि निरन्तरता दिने मण्डलले बताए।

‘नेतृत्वप्रतिको जनगुनासो र युवाहरूमाझ बढेको वितृष्णालाई कम गर्नका लागि नेतृत्वको महत्त्व बुझाउन पनि सही शिक्षणको आवश्यकता छ,’ उनले भने, ‘यही कुरा मनन् गरेर कक्षाकोठामा पुगेको हुँ।’

» बाँकी पृष्ठ ६

## ट्रम्पले बर्खास्त गरे यूएसएडका मार्टिन



**काठमाडौं** (एजेन्सी) : अमेरिकी अन्तर्राष्ट्रिय विकास निकाय (यूएसएआइडी-यूएसएड)) का स्वतन्त्र महानिरीक्षक पल मार्टिनलाई राष्ट्रपति डोनाल्ड ट्रम्पले बर्खास्त गरेको अमेरिकी सञ्चारमाध्यमले जनाएका छन् ।

वासिङ्टन पोस्ट, सिएनएन र अन्य सञ्चार माध्यमका अनुसार यूएसएडलाई विघटन गर्ने ट्रम्प प्रशासनको प्रयासको आलोचना गर्ने प्रतिवेदन जारी गरेको एक दिनपछि मार्टिनलाई पदबाट बर्खास्त गरिएको हो। सञ्चारमाध्यमले ह्वाइट हाउसबाट मार्टिनलाई मंगलबार पठाइएको दुई वाक्यको इमेललाई उद्धृत गरेका छन् । इमेलमा निर्णयको कारण बताइएको थिएन। तर, मार्टिनको पद ‘तत्काल लागू हुने गरी समाप्त’ भएको जनाइएको थियो।

# पिकनिकबाट फर्केको स्कुल बस दुर्घटना, ३ को मृत्यु

## ५ जना गम्भीर

**अजवी पौड्याल** | *काठमाडौं*

नगरकोटमा पिकनिक मनाएर काठमाडौं फर्किँदै गरेको एसएस एकेडेमीको बस दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ। साँखु-नगरकोट सडकखण्डमा उक्त बस दुर्घटना भएको हो। दुर्घटनामा ४० जना घाइते भएको प्रहरीले जनाएको छ।

चाबहिलस्थित एसएस एकेडेमीले पिकनिक मनाउन सुन्दरीमाई यातायातको बस रिजर्भ गरेको थियो। बा २ ख ७९५८ नम्बरको उक्त बस साँझ ४.५० मा दुर्घटना भएको थियो। बसको ब्रेक फेल भई अनियन्त्रित हुँदा दुर्घटना भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता अपिलराज बोहराका अनुसार एसएस एकेडेमीको विद्यार्थी र शिक्षक सवार बस दुर्घटनामा परेको हो। एकेडेमीले ८० जना विद्यार्थी र १२ जना शिक्षक गरी ९२ जनाको समूहलाई पिकनिकका लागि नगरकोट लगेको थियो। पिकनिक मनाएर फर्किने क्रममा एउटा बस दुर्घटनामा परेको थियो। बसमा ४५ जना रहेको प्रहरीले जनाएको छ। दुर्घटनामा ११ वर्षीय विद्यार्थी क्रिसल पुरीको उपचारका क्रममा टिचिङ अस्पतालमा मृत्यु भएको हो। पुरी मोरङ उर्लाबारी-७ का स्थायी बासिन्दा हुन्। यस्तै, नेपाल मेडिकलमा





- एसएस एकेडेमीले सुन्दरीमाई यातायातको बस रिजर्भ गरेको थियो
- २ विद्यार्थी र शिक्षकको मृत्यु

उपचाररत सिन्धुपाल्चोक बलेफी-७ का २४ वर्षीय सुरेश तामाङको मृत्यु भएको छ। तामाङ एकेडेमीका शिक्षक हुन्। यस्तै, शंखरापुर अस्पतालमा उपचाररत १४ वर्षका शुशांका डोटेलको पनि दुर्घटनामा मृत्यु भएको छ। डोटेल सिन्धुपाल्चोकका हुन्। दुर्घटनामा ३ जना विद्यार्थीसहित ५ को अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ। १२ वर्षीय आदित्य सुनार, १४ वर्षीय धीरज साउद र १३ वर्षीय सन्देश गिरीको अवस्था गम्भीर रहेको प्रहरीले बताएको छ। घाइतेहरूको पिपुल्स लाइफ केयर अस्पताल, नेपाल मेडिकल कलेज र टिचिङ अस्पतालमा उपचार भइरहेको छ। गाडी चालक चौतारा साँगाचोक गढीका मनिष माझी प्रहरीको नियन्त्रणमा छन्। चालक माझीले गाडीको ब्रेक फेल भएकाले दुर्घटना भएको बयान प्रहरीलाई दिएका छन्। बस सडकबाट ५० फिट तल खसेको बयान दिएका छन्। घाइते हुने विद्यार्थीमा १० वर्षका फिलिप लामा, १० वर्षका प्रजोल थापा, १० वर्षकै भीम तामाङ र ११ वर्षका राम परियार छन्। यस्तै, १६ वर्षका विद्यार्थी सुजन मगर, १६ वर्षकै श्रृषा सुवेदी, १२ वर्षका प्रकाश बम, १६ वर्षकी साधना बिष्ट र १२ वर्षकी आराध्या शाह छन्।

यस्तै, घाइतेमा १० वर्षका आशिष तामाङ, १५ वर्षीया स्नेहा राई छन्। यस्तै, २१ वर्षीया गंगा ज्योति, ४२ वर्षका रन्जित थापा र १३ वर्षीया सुहाना गुभाजुलगायत छन्।